प्रमाणित प्रतिलिपि

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री सारङ्गा सुवेदी
आदेश
०८२-WO-०२५७
मुद्दा : उत्प्रेषणसमत।

दर्ता नं.: २४२७
मिति ३१ भदौ २०८२
नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

[illegible] ---------------------------------------------------------- निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौंसमेत ६ -------------- विपक्षी

निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री विजय कुमार मिश्र, श्री खगा बहादुर खत्री तथा विद्वान अधिवक्ताहरु श्री गोपालदत्त पाण्डेय, श्री विश्वनाथ दास, श्री लोकहरि [illegible], श्री तेज कुमार लोहिया र श्री कर्णराज अवस्थीले गर्नुभएको बहस सुनीयो।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? र आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार प्रमाण भए सो समेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिन भित्र प्रमाण कागजसहित विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौंसमेत का हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत तथा अन्य विपक्षीहरुका हकमा आफै वा आफ्नो कानून व्यवसायीको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको एक प्रति प्रतिलिपि साथै राखी विपक्षीहरुको नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भए वा अवधि नाघेपछि नियमानुसार गरी पेश गर्नू।

साथै निवेदकले अन्तरिम आदेश जारी हुन माग गरे तर्फ हेर्दा, निवेदकको सुविधा सन्तुलन तथा प्रस्तुत रिट निवेदनको औचित्यसमेत दृष्टिगत गर्दा दुवै पक्षको सुनुवाई गरि अन्तरिम आदेश जारि हुने नहुने तर्फ आदेश हुनु उपयुक्त हुने देखिंदा निवेदकलाई पदमुक्त गर्ने गरी नेपाल सरकारबाट मिति २०८२/०५/०२ मा भएको निर्णय, सो निर्णयको

जानकारी दिईएको मिति २०८२/०५/०४ को पत्र मिति २०८२/०५/०९ को बिमा प्राधिकरणको अध्यक्ष पदको पदपुर्तिको लागि दरखास्त माग गर्ने निर्णय र सो निर्णय बमोजिम मिति २०८२/०५/१४ मा प्रकाशित सूचना तत्काल कार्यान्वयन नगरी तत्कालका लागि यथास्थितिमा राख्ने र अन्तरिम आदेश सम्बन्धमा छलफलका लागि मिति २०८२/०६/२६ सम्मका लागि अल्पकालिन अन्तरिम आदेश जारि गरिदिएको छ। पेशीका दिन उपस्थित हुन भनि सम्बन्धित पक्षहरुलाई पेशीको जानकारी दिई नियमानुसार पेश गर्नु।

न्यायाधीश

इति संवत् २०८२ साल भाद्र २३ गते रोज २ शुभम् ......................................।

पत्रांक: २४२६

मिति: ३१ भदौ २०८२

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

मिति: २०८२/०५/३१

श्री नेपाल बीमा प्राधिकरण,
कुपण्डोल, ललितपुर, नेपाल ।

विषय: हाजिर हुन आएको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा मलाई पदमुक्त गर्नेगरी नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०८२।०५।०२ भएको निर्णय एवम् अर्थ मन्त्रालयबाट मलाई बीमा प्राधिकरणको अध्यक्षबाट पदमुक्त गरेको जानकारीको मिति २०८२।०५।०४ गतेको पत्र, मिति २०८२।०५।०९ गते नेपाल सरकार मन्त्रिपरिषदले बीमा प्राधिकरणको अध्यक्ष पदको पूर्तिका लागि समिति गठन गर्ने निर्णय, सोको आधारमा नेपाल सरकार अर्थ मन्त्रालयबाट मिति २०८२।०५।१४ मा प्रकाशित गरेको सार्वजनिक सूचना लगायतको म निवेदकलाई प्रतिकुल असर पर्ने गरी विपक्षीहरूबाट भएका गरेका सम्पूर्ण काम-कारवाही, निर्णय तथा पत्राचारहरु उत्प्रेषणको आदेशले बदर गरी गैरकानूनी निर्णयको आधारबाट मलाई बीमा प्राधिकरणको अध्यक्ष पदमा रही पद अनुरुपको काम कारवाही गर्न कुनै प्रकारको बाधा अवरोध नगर्नु नगराउनु भनी परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाऊँ भनि अन्तरिम आदेश समेत माग गरि सम्मानित सर्वोच्च अदालतमा मिति २०८२।०५।२२ मा रिट निवेदन दायर गरेको थिएँ। सो रिट निवेदन उपर मिति २०८२।०५।२३ मा सुनुवाई हुँदा सम्मानित अदालतबाट कारण देखाउ आदेश जारी गर्दै *"निवेदकले अन्तरिम आदेश माग गरेको तर्फ हेर्दा निवेदकको सुविधा सन्तुलन तथा रिट निवेदनको औचित्य समेत दृष्टिगत गर्दा दुवै पक्षको सुनुवाई गरी अन्तरिम आदेश जारी हुने नहुने तर्फ आदेश हुन उयुक्त हुने देखिँदा निवेदकलाई पदमुक्त हुनेगरी नेपाल सरकारबाट मिति २०८२।०५।०२ भएको निर्णय, सो निर्णयको जानकारी दिइएको मिति २०८२।०५।०४ को पत्र, मिति २०८२।०५।०९ को बीमा प्राधिकरणको अध्यक्ष पदको पूर्तिका लागि दरखास्त माग गर्ने निर्णय र सो निर्णय बमोजिम मिति २०८२।०५।१४ मा प्रकाशित सुचना तत्काल कार्यान्वयन नगरी तत्कालका लागि यथास्थितिमा राखे र अन्तरिम आदेश सम्बन्धमा छलफलका लागि मिति २०८२।०६।२६ सम्मका लागि अल्पकालिन अन्तरिम आदेश जारी गरिदिइएको छ।"* भनी आदेश गरिदिएको हुँदा म आजका मितिबाट प्राधिकरणमा हाजिर हुन आएको व्यहोरा अनुरोध गर्दछु। साथै सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२।०५।२३ मा जारी भएको आदेशको प्रतिलिपि समेत यसैसाथ पेस गरेको छु।

शरद ओझा
अध्यक्ष, नेपाल बीमा प्राधिकरण